# निर्वाचन व्यवस्थापनमा सामाजिक सञ्जालको उपयोग सम्बन्धी नीति, २०७७



**निर्वाचन आयोग, नेपाल**

कान्तिपथ, काठमाडौं

**निर्वाचन आयोग, नेपाल**

# निर्वाचन व्यवस्थापनमा सामाजिक सञ्जालको उपयोग सम्बन्धी नीति, २०७७

## १. पृष्ठभूमि

सूचना प्रविधिको वर्तमान समयमा इन्टरनेट र सामाजिक सञ्जाल देशभित्र र बाहिरका सबै पक्षसँग सम्पर्क राख्न तथा तत्कालै घटनाक्रमसँग जोडिनका लागि प्रभावशाली माध्यम बनेको छ । नेपालको शहरी तथा ग्रामीण क्षेत्रमा इन्टरनेटको पहुँच पुगेसँगै सामाजिक सञ्जालको उपयोग बढ्दै गइरहेको छ । करिब तीन दशकको इतिहास बोकेको सामाजिक सञ्जालको द्रुत गतिमा विकास भइरहेको सन्दर्भमा विशेषगरी युवाहरू इन्टरनेटको पहुँच र उपयोगमा अगाडि रहेका छन् । यसरी सामाजिक सञ्जालको बढ्दो उपयोगले सामाजिक अन्तरक्रिया, सूचना प्रवाह र सेवा सुविधाको उपलब्धतामा आधारभूत परिवर्तन गरी सहजता र शीघ्रता प्रदान गरेको छ ।

देशभित्र र बाहिर बसोबास गर्ने सबैमा एकै पटक पुग्न र सन्देश प्रवाह गर्न यो माध्यमले सहयोग पुऱ्याएको छ । वर्तमान समयमा बहुप्रयोजन र फाइदाका लागि सामाजिक सञ्जालको उपयोग भइरहेको छ । विश्वको जुनसुकै देशमा रहेका व्यक्ति सामाजिक सञ्जाल मार्फत आफ्नो सरोकारको राजनीतिक, सामाजिक, आर्थिक, शैक्षिक परिवेश लगायत दैनिक हुने घटनासँग सजिलै जोडिन सक्ने अवस्था छ । विश्व परिवेशमा फेसबुक, ट्वीटर, इन्स्टाग्राम, युट्युब, ब्लग, लिन्क्ड्इन, गुगल प्लस (+), ह्वाट्स एप, भाइबर, टिकटक, टमलर, वीच्याट जस्ता सामाजिक सञ्जालहरू बढी प्रचलनमा रहेका छन् ।

निर्वाचन आयोगले सामाजिक सञ्जालका माध्यमबाट आफ्ना अनुयायी वा सरोकारवाला वा फलोअरसम्म द्रुत रूपमा सन्देश र जानकारी प्रवाह गर्न सक्ने र अनुयायीहरूले पनि आफ्नो सञ्जाल मार्फत आयोगको सन्देश तुरुन्त लाखौं उपयोगकर्तासम्म पुऱ्याउन सक्दछन् । सामाजिक सञ्जालमा सरोकारवालाहरूले उठाएका प्रश्न, जिज्ञासा र सवालहरूलाई निर्वाचन आयोगले सामाजिक सञ्जालकै माध्यमबाट तत्काल सम्बोधन गरी दोहोरो सम्वाद स्थापित गर्न सहयोग पुऱ्याउँछ ।

निर्वाचन व्यवस्थापनका सबै प्रक्रिया र चरण एवम् निर्वाचनको समयमा हुने समग्र क्रियाकलापलाई सहजीकरण गर्न, सुरक्षा संवेदनशीलतालाई सम्बोधन गर्न, सामाजिक सञ्जालको उपयोगमा साइवर सुरक्षाको उपयुक्त व्यवस्था गर्न, आयोगका गतिविधिहरूलाई पारदर्शी ढङ्गले जनसमक्ष पुऱ्याई विश्वसनीयता अभिवृद्धि गर्न, बदलिँदो परिस्थितिसँगै निर्वाचनका सबै चरण र प्रक्रियामा सामाजिक सञ्जालको उपयोग सम्बन्धमा स्पष्ट नीतिगत अवधारणा तयार गर्न आयोगले सामाजिक सञ्जालको उपयोग सम्बन्धमा उपयुक्त नीतिगत एवम् संरचनात्मक प्रबन्ध गर्नु आवश्यक भएको छ । त्यसैले सामाजिक सञ्जालको क्षेत्रमा भएको गतिशिलतालाई स्पष्ट र व्यवहारिक कार्ययोजना मार्फत सम्बोधन गरी अन्तर्राष्ट्रिय जगतमा आयोगको साख र प्रतिष्ठा अभिवृद्धि गर्न आयोगको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनामा "निर्वाचनमा सञ्चार माध्यम तथा सामाजिक सञ्जालको उपयोगलाई व्यवस्थित र प्रभावकारी बनाउँदै लैजाने" कार्यनीति रहेको छ । यसको कार्यान्वयन तथा निर्वाचन व्यवस्थापनमा सामाजिक सञ्जालको उपयोगका लागि निर्वाचन आयोग ऐन, २०७३ को दफा ११ को खण्ड (क) बमोजिम निर्वाचन व्यवस्थापनमा सामाजिक सञ्जालको उपयोग सम्बन्धी नीति, २०७७ तर्जुमा गरिएको छ ।

## २. विगतका प्रयास

निर्वाचन आयोगले वि.सं. २०५६ मा सर्वप्रथम आफ्नो वेबसाइट उपयोग गरेको पाईन्छ । प्रतिनिधिसभा सदस्य निर्वाचन, २०५६ को नतिजा सोही वेबसाइट मार्फत प्रकाशन गरिएको थियो । उक्त समयदेखि हालसम्म आयोगले आफ्नो वेबसाइट निरन्तर रूपमा सञ्चालन गरी विभिन्न सूचना तथा जानकारीहरू प्रवाह गरिरहेको छ ।

वि.सं. २०७४ मा सम्पन्न भएका तीनै तहका निर्वाचन अवधिमा आयोगले सामाजिक सञ्जाल उपयोग गरी यस मार्फत मतदाता शिक्षा प्रदान गर्न शुरु गरेको हो । आयोगले फेसबुक, यूट्युब र ट्वीटरलाई सामाजिक सञ्जालका मञ्चका रूपमा उपयोग गर्दै आएको छ । प्रेस विज्ञप्ति प्रकाशनका लागि वेबसाइट उपयोग हुँदै आएको छ भने अन्य सूचना, भिडियो, अन्तर्वार्ता, सार्वजनिक महत्वका सूचना (Public Service Announcement) प्रकाशनका लागि यूट्युबको उपयोग गर्ने गरिएको छ । अर्को संविधान सभा सदस्य निर्वाचन, २०७० मा आयोगले सञ्चार माध्यम अनुगमन अन्तर्गत सामाजिक सञ्जाल अनुगमनका लागि समेत पहल गरेको थियो । त्यसैगरी वि.सं. २०७४ सालमा सम्पन्न सबै तहको निर्वाचन र वि.सं. २०७६ सालमा सम्पन्न स्थानीय तह सदस्य, प्रदेश सभा सदस्य तथा प्रतिनिधि सभा सदस्यको उपनिर्वाचन तथा राष्ट्रिय सभा सदस्य निर्वाचन अवधिमा सामाजिक सञ्जालमा सम्प्रेषण भएका सूचना तथा जानकारीको अनुगमन गर्ने कार्यको सुरूवात आयोगले गरेको थियो ।

## ३. वर्तमान स्थिति

विभिन्न सामाजिक सञ्जालहरूमा उपयोगकर्ताहरूको पहुँच दिनानुदिन बढ्दै गएको छ । हालको सबैभन्दा प्रचलित सामाजिक सञ्जालको मञ्च फेसबुक रहेको र विश्वमा यसको मासिक सक्रिय उपयोगकर्ताको सङ्ख्या २ अरब ७० करोडभन्दा बढी रहेको तथ्याङ्कले देखाउँछ । यसैगरी श्रव्य दृश्य सामग्री राख्न र हेर्न मिल्ने सञ्जाल युट्युबको हालसम्मको सक्रिय उपयोगकर्ताको सङ्ख्या दुई अरबभन्दा बढी रहेको अनुमान छ । माइक्रोब्लगिङ्ग साइट ट्वीटरका मासिक सक्रिय उपयोगकर्ताको सङ्ख्या तेत्तीस करोडभन्दा बढी रहेको छ भने इन्स्टाग्रामका करिब एक अरबभन्दा बढी मासिक सक्रिय उपयोगकर्ता रहेका छन् । यसैगरी ह्वाट्सएपका करिब दुई अरब मासिक उपयोगकर्ता रहेका छन् । उल्लिखित सामाजिक सञ्जालहरू नेपालमा पनि व्यापक उपयोगमा रहेका छन् ।

निर्वाचन आयोगले फेसबुक, यूट्युब र ट्वीटरलाई सामाजिक सञ्जालका औपचारिक मञ्चका रूपमा उपयोग गर्दै आएको छ । आयोगले आफ्ना निर्णय तथा महत्वपूर्ण सूचना र विज्ञप्तिहरू वेबसाइटको साथसाथै फेसबुकको उपयोग गरेर प्रकाशन गर्ने गरेको छ भने सामान्य सूचना प्रकाशनका लागि ट्वीटरको उपयोग पनि गर्ने गरेको छ । आयोगले तयार पारेको निर्वाचन सम्बन्धी भिडियो, सन्देशमूलक सामग्री, एनिमेशन भिडियो, टिभी कार्यक्रम, निर्वाचन सम्बन्धी सूचना तथा जानकारी आममतदाता समक्ष युट्युब मार्फत सर्वसुलभ रूपमा उपलब्ध गराउँदै आएको छ । यसैगरी जिल्ला निर्वाचन कार्यालयहरूबाट समेत "हेलो निर्वाचन" फेसबुक पेज मार्फत आफ्ना गतिविधि तथा सूचनाहरू सार्वजनिक भइरहेका छन् । हाल आयोगको सामाजिक सञ्जाल फेसबुक, युट्युब र ट्वीटरका अनुयायी वा उपयोगकर्ता करिब ४५,००० को सङ्ख्यामा रहेका छन् ।

सन् २०२० को प्रारम्भिक तथ्याङ्क बमोजिम विश्वमा इन्टरनेट उपयोगकर्ताको सङ्ख्या विश्वको कुल जनसङ्ख्याको करिब ५९ प्रतिशत अर्थात ४ अरब ६६ करोड रहेको छ । नेपाल दूरसञ्चार प्राधिकरणको भाद्र २०७७ मा प्रकाशित MIS Report अनुसार नेपालमा इन्टरनेट उपयोगकर्ताको सङ्ख्या २ करोड २८ लाख ७९ हजार ७ सय २७ अर्थात् कुल जनसङ्ख्याको ७६.५८ % रहेको छ । विश्वमा इन्टरनेट उपयोगकर्ताको सङ्ख्या वर्षेनी बढे जस्तै नेपालमा पछिल्लो बर्ष २०७५ र २०७६ मा ९.६ प्रतिशतले सामाजिक सञ्जाल उपयोगकर्ताको सङ्ख्या बढेको विभिन्न तथ्याङ्कले देखाउँछ । वर्तमान परिवेशमा सामाजिक सञ्जाललाई धेरै व्यक्तिले रुचाएको र सूचना आदान प्रदानमा उपयोग गरेकोले निर्वाचनका गतिविधि तथा सूचना प्रवाहमा सामाजिक सञ्जाल प्रभावकारी र भरपर्दो माध्यम बन्न गएको छ ।

## ४. समस्या, अवसर र चुनौती

### ४.१ समस्या

निर्वाचन व्यवस्थापनमा सामाजिक सञ्जालको उपयोगलाई व्यवस्थित बनाउने सम्बन्धमा देखिएका समस्याहरू देहाय बमोजिम रहेका छन् :-

**४.१.१** निर्वाचनमा सूचना तथा जानकारी सम्प्रेषणका लागि सामाजिक सञ्जालको उपयोगलाई व्यवस्थित गर्न आवश्यक नीतिगत व्यवस्था नहुनु,

**४.१.२** सामाजिक सञ्जालका माध्यमबाट निर्वाचनमा हुन सक्ने सम्भावित आक्रमण, हस्तक्षेप, जोखिम, नकारात्मक प्रभाव र दुष्प्रचार न्यूनीकरणका लागि आवश्यक रणनीति नहुनु,

**४.१.३** आयोगको सामाजिक सञ्जालमा अनुयायीहरू (Followers) को सङ्ख्या उल्लेख्य रूपमा बढ्न नसक्नु,

**४.१.४** आयोगको वेबसाइट र सामाजिक सञ्जालबीच लिङ्क नभएको कारण वेबसाइटको तुलनामा सामाजिक सञ्जालबाट सूचना तथा जानकारी प्रकाशनमा कमी हुनु,

**४.१.५** आयोगको सामाजिक सञ्जाल र निर्वाचनका सरोकारवाला निकायका सामाजिक सञ्जालबीच अन्तर सम्बन्ध नहुनु,

**४.१.६** आयोगले निर्वाचन तथा मतदाता शिक्षाका लागि तयार गरेका सामग्रीहरू आधुनिक विद्युतीय स्वरूपमा उत्पादन नहुँदा प्रकाशन, प्रसारण र अभिलेखीकरणमा समस्या हुनु,

**४.१.७** सामाजिक सञ्जाल सञ्चालन र नियमनको लागि व्यावसायिक ज्ञान, सीप र क्षमता भएको जनशक्ति र अभिलेख व्यवस्थापनको कमी हुनुका साथै उपयुक्त हस्तान्तरण प्रणाली नअपनाइनु,

**४.१.८** जिल्ला निर्वाचन कार्यालयबाट हुने "हेलो निर्वाचन" फेसबुक पेजको सञ्चालनमा पर्याप्तता, स्पष्टता र एकरूपता नहुनु,

**४.१.९** निर्वाचन अवधिमा हुने मिथ्या सूचना (misinformation), दुस्प्रचार (disinformation), सूचना तोडमोड (malinformation), द्वेषपूर्ण अभिव्यक्ति (hate speech) लाई नियन्त्रण गर्ने सम्बन्धी कानून, नीति र संस्थागत संरचनाको अभाव हुनु ।

## ४.२ चुनौती

निर्वाचन व्यवस्थापनमा सामाजिक सञ्जालको उपयोगलाई व्यवस्थित र प्रभावकारी बनाउन देहाय बमोजिमका चुनौती रहेका छन् :-

**४.२.१** आयोगबाट सामाजिक सञ्जाल मार्फत सम्प्रेषण हुने सामग्रीलाई लैङ्गिकमैत्री, समावेशी, भरपर्दो र विश्वसनीय बनाउनु,

**४.२.२** सामाजिक सञ्जाल उपयोगकर्तालाई आफूले प्रकाशन, प्रसारण र सम्प्रेषण गरेका सामग्री प्रति जिम्मेवार र जवाफदेही बनाउनु,

**४.२.३** निर्वाचनका विषयमा सामाजिक सञ्जाल उपयोगकर्ताको बृद्धिसँगै बढ्दै गएको दुरुपयोग र यसबाट हुने साइबर अपराधको नियमन र नियन्त्रण गरी निर्वाचनमा डिजिटल माध्यमबाट हुनसक्ने सम्भावित बाह्य तथा आन्तरिक हस्तक्षेप रोक्नु,

**४.२.४** सामाजिक सञ्जालको उपयोगद्वारा निर्वाचन सम्बन्धी तथ्यहिन, गलत, भ्रामक, अनुमानित र निर्वाचन आचारसंहिता विपरीत सूचना वा जानकारी सम्प्रेषण तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरबाट हुन सक्ने सम्भावित मिथ्या सूचना, दुष्प्रचार, सूचना तोडमोड र द्वेषपूर्ण अभिव्यक्तिको नियमन र नियन्त्रण गरी निर्वाचनको विश्वसनीयता, निष्पक्षता जोगाउनु,

**४.२.५** राजनीतिक दल तथा निर्वाचनका सरोकारवालाले निर्वाचनका सबै चरणमा सम्प्रेषण गर्दै आएका निर्वाचन सम्बन्धी सूचना, जानकारी तथा विषयहरूको अनुगमन गर्नु,

**४.२.६** निर्वाचन प्रक्रियाको वैधता र आयोगको विश्वसनीयता माथि सामाजिक सञ्जाल मार्फत हुने गलत सूचना प्रवाहका कारण उत्पन्न जोखिम न्यूनीकरण गर्नु,

**४.२.७** सामाजिक सञ्जालमा सम्प्रेषित गलत सूचना सामग्रीको नियमन, तत्काल व्यवस्थापन तथा सूचनाको स्रोतको आधिकारिकता यकिन गर्न सक्षम जनशक्ति र संस्थागत प्रणालीको विकास गर्नु,

**४.२.८** मतदाता तथा निर्वाचनका सरोकारवालाको सामाजिक सञ्जालको उपयोगमा निर्वाचनमैत्री असल आचरणको विकास गर्नु,

**४.२.९** सामाजिक सञ्जालको उपयोगमा नियमनकारी निकाय, सामाजिक सञ्जाल मञ्च, सञ्चार गृह, राजनीतिक दल, सरोकारवाला निकाय र नागरिक समाजबीच समन्वयात्मक सम्बन्ध स्थापित गर्नु ।

### ४.३ अवसर

निर्वाचन व्यवस्थापनमा सामाजिक सञ्जालको उपयोगलाई मर्यादित, सुरक्षित, विश्वसनीय र व्यवस्थित बनाउन देहाय बमोजिमका अवसरहरू रहेका छन् :-

**४.३.१** सामाजिक सञ्जालको उपयोग सम्बन्धी पूर्वाधार तयार भएको हुँदा सामाजिक सञ्जालका उपयोगकर्ताहरूलाई आयोगका गतिविधि, क्रियाकलाप र निर्वाचन सम्बन्धी सूचना एवम् शिक्षा निरन्तर प्रवाह गर्नु,

**४.३.२** आवधिक योजनाले सूचना प्रविधियुक्त राष्ट्र बनाउने सोच सहित डिजिटाइजेसन मार्फत सामाजिक, आर्थिक र शासकीय व्यवस्थामा सुधार गर्नु,

**४.३.३** नेपाल सरकारबाट सार्वजनिक सेवाहरू क्रमशः अनलाईन मार्फत प्रदान गर्नु,

**४.३.४** प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायका सूचनामा पहुँचको अधिकार रहेकोले उपयुक्त माध्यमबाट सूचना सम्प्रेषण गर्नु,

**४.३.५** आयोगले मतदाता जागरण कार्यक्रम सञ्चालनमा प्रभावकारिता ल्याउन नवीन प्रविधिको उपयोग गर्नु,

**४.३.६** नेपाल सरकारद्वारा जारी भएको सरकारी निकायद्वारा सामाजिक सञ्जाल उपयोग गर्ने कार्यविधि, २०७५ कार्यान्वयन गर्नु,

**४.३.७** आयोगको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनामा निर्वाचनमा सञ्चार माध्यम एवम् सामाजिक सञ्जालको उपयोगलाई व्यवस्थित र प्रभावकारी बनाउनु,

**४.३.८** निर्वाचन आयोगको सामाजिक सञ्जाल फेसबुक, युट्युब र ट्वीटर अनुयायी वा फलोअर्स बृद्धि हुँदै गएकोले सामाजिक सञ्जाल उपयोगकर्ताको मात्रात्मक एवम् गुणात्मक सुधार गर्नु,

**४.३.९** निजी क्षेत्रबाट सूचना प्रविधिको विकास, विस्तार, सञ्चालन र उपयोगमा महत्वपूर्ण योगदान रहेकोले सामाजिक सञ्जालको उपयोगमा निजी क्षेत्रसँग समन्वय र सहकार्यको वातावरण बनाउनु,

**४.३.१०** विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ बमोजिम विद्युतीय स्वरुपका प्रकाशित सामग्री नियमन गर्नु ।

## ५. नीतिको आवश्यकता

सामाजिक सञ्जालको उपयुक्त व्यवस्थापन र प्रभावकारी नियमन वर्तमान आवश्यकता हो । आयोगको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७६/०७७ - २०८०/०८१) मा निर्वाचनमा सञ्चार माध्यम एवम् सामाजिक सञ्जालको उपयोगलाई व्यवस्थित र प्रभावकारी बनाउँदै लगिने कार्यनीति रहेको छ । सामाजिक सञ्जालको माध्यमबाट निर्वाचन तथा मतदाता शिक्षालाई बृहत र प्रभावकारी बनाउन सकिन्छ । वर्तमान समयमा सामाजिक सञ्जालको बढ्दो उपयोगसँगै यसको दुरूपयोग तथा गलत सूचना प्रवाहको मात्रामा पनि बढोत्तरी हुँदै गएको सन्दर्भमा सामाजिक सञ्जालको व्यवस्थित र प्रभावकारी उपयोगको माध्यमबाट देहायका विषयको सम्बोधनको लागि निर्वाचन व्यवस्थापनमा सामाजिक सञ्जालको उपयोग सम्बन्धी नीति आवश्यक भएको छ :-

५.१ निर्वाचनका सबै प्रक्रिया र चरणमा सामाजिक सञ्जालको उपयोग सम्बन्धी एकीकृत एवम् उपयुक्त नीतिगत व्यवस्था कायम गर्न,

५.२ निर्वाचन व्यवस्थापनमा हुने जानकारी तथा सूचना प्रवाहको विधि र प्रक्रियालाई सामाजिक सञ्जालको विशेषता अनुरूप हुने गरी रूपान्तरण गर्न,

५.३ सूचना प्रविधिको उपयोगमा सामाजिक सञ्जालले सिर्जना गरेका अवसर र सम्भावनाको उपयोग गर्दै निर्वाचनमा आउन सक्ने चुनौतीको व्यवस्थापन गर्न,

५.४ आयोगका सबै गतिविधि र क्रियाकलापहरू सामाजिक सञ्जालका माध्यमबाट लक्षित वर्ग तथा अन्य सरोकारवालालाई सहज र छिटोछरितो रूपमा प्रवाह गरी पारदर्शी बनाउन,

५.५ सामाजिक सञ्जालका माध्यमबाट निर्वाचन तथा मतदाता शिक्षामा सरोकारवालाको पहुँचलाई सहज र मितव्ययी बनाई समन्वय र सहकार्य बृद्धि गर्दै दोहोरो सञ्चार स्थापित गर्न,

५.६ युवा, महिला, समावेशी समूह, अपाङ्गता भएका व्यक्ति लक्षित निर्वाचन तथा मतदाता शिक्षा सामग्रीको उपलब्धता, प्रचार प्रसार एवम् पहुँच बृद्धि गर्न,

५.७ सामाजिक सञ्जालमा सम्प्रेषित मिथ्या सूचना, दुष्प्रचार, सूचना तोडमोड र द्वेषपूर्ण अभिव्यक्तिको नियमन, तत्काल व्यवस्थापन तथा सूचनाका स्रोतको आधिकारिकता यकिन गर्न सक्षम जनशक्ति र संस्थागत प्रणालीको विकास गर्न,

५.८ निर्वाचनका सबै चरणमा राजनीतिक दल, सञ्चार माध्यम तथा निर्वाचनका सरोकारवालाले सामाजिक सञ्जालमा सम्प्रेषण गर्ने निर्वाचन सम्बन्धी सूचना, जानकारी तथा विषयहरूको अनुगमन गर्न ।

## ६. संगठनात्मक प्रतिवद्धता

निर्वाचन व्यवस्थापनमा सामाजिक सञ्जालको उपयोग सम्बन्धी नीतिको प्रभावकारी कार्यान्वयनको लागि आयोगले देहाय बमोजिमको प्रतिवद्धता जनाएको छ :-

### ६.१ सरोकारवाला केन्द्रित

निर्वाचन सम्बन्धी विषयमा मतदाता तथा सरोकारवालाका आवश्यकता, रुची, चाहनालाई ध्यानमा राख्दै सही र तथ्यपरक सूचना तथा सन्देशहरू निर्माण तथा सम्प्रेषण गर्नेछ ।

### ६.२ तत्काल सूचना सम्प्रेषण तथा प्रतिक्रिया

मतदाता तथा सरोकारवाला सम्बद्ध सूचना तथा सन्देशहरू तत्काल सामाजिक सञ्जालमा सम्प्रेषण गर्ने तथा उपयोगकर्ताबाट प्राप्त सुझाव, प्रतिक्रिया र जिज्ञासाको तत्काल सम्बोधन गर्नेछ ।

### ६.३ दोहोरो सम्वाद र पारदर्शिता

मतदाता र सरोकारवालालाई आयोगका गतिविधिबारे यथासमयमा जानकारी गराई दोहोरो सम्वादका लागि सामाजिक सञ्जालको अधिकतम उपयोग एवं सहजीकरण गर्नेछ ।

### ६.४ सर्वव्यापी पहुँच

सामाजिक सञ्जाललाई आयोगका सूचना तथा जानकारी सम्प्रेषण गर्ने एक मुख्य माध्यमको रूपमा स्थापित गर्न निजी तथा सार्वजनिक क्षेत्रका सेवा प्रदायक निकायसँगको समन्वय र सहकार्यमा प्रविधिको विस्तारका माध्यमबाट सर्वव्यापी पहुँच सुनिश्चित गर्न सहजीकरण गर्नेछ ।

### ६.५ विश्वसनीयता

सामाजिक सञ्जालका माध्यमबाट सरोकावालासँग निरन्तर सम्पर्क, समन्वय र सहकार्य गर्दै निर्वाचनका स्थापित मूल्य, मान्यता र सिद्धान्त अनुरूप निर्वाचन व्यवस्थापन तथा सूचना प्रवाह गरी सबै सरोकारवालाबीच आपसी विश्वास सुदृढ गर्नेछ ।

### ६.६ अभिलेखीकरण र नियमित सुधार

आयोगले उत्पादन गरेका सूचना तथा जानकारीमूलक सामग्रीको अभिलेखीकरण, सामाजिक सञ्जाल मार्फत आयोग र सरोकारवालाबीच भएका सूचना, सम्वाद, जिज्ञासा, प्रतिक्रिया र सुझावको अभिलेखीकरण गर्ने र उपयुक्त सुझावका आधारमा आयोगका काम कारबाहीमा नियमित सुधार गर्दै जानेछ ।

### ६.७ निष्पक्षता र समानता

सामाजिक सञ्जालको उपयोग गर्दा राजनीतिक दल, उम्मेदवार, व्यक्ति, संस्था, लिङ्ग, जातजाति, समुदायमा गरिने व्यवहारमा निष्पक्षता र समानता सुनिश्चित गर्नेछ ।

### ६.८. विविधताको सम्बोधन

सामाजिक सञ्जालमा सम्प्रेषण गरिने सामग्रीहरू उत्पादन, प्रकाशन र प्रसारण गर्दा मतदाताका मौलिक विविधतालाई सम्बोधन गर्नका लागि महिला, युवा, अपाङ्गता भएका व्यक्ति, उमेर समूह, शैक्षिक स्तर, भाषाभाषी, स्थानीयता, भौगोलिक क्षेत्र मैत्री सामग्री उत्पादन र सम्प्रेषण गर्नेछ ।

### ६.९ गुनासो सुनुवाई र सम्बोधन

निर्वाचन सञ्चालन र व्यवस्थापनमा सामाजिक सञ्जालको व्यवस्थित र प्रभावकारी उपयोग गर्ने सन्दर्भमा आयोग र अन्तर्गत कार्यालयबाट भए गरेका गतिविधि एवम् प्रकाशित तथा सम्प्रेषित सामग्रीका सम्बन्धमा सामाजिक सञ्जालका मञ्च, उपयोगकर्ता, सरोकारवाला र आमनागरिकका सल्लाह, सुझाव, प्रतिक्रिया र धारणा बुझ्न तथा उजुरी र गुनासा सुनुवाई गरी सम्बोधन गर्ने उपयुक्त र भरपर्दो व्यवस्था मिलाउनेछ ।

## ७. दूरदृष्टि

व्यवस्थित, मर्यादित् एवम् विश्वसनीय सामाजिक सञ्जाल ।

## ८. ध्येय

निर्वाचनको स्वच्छताका लागि सामाजिक सञ्जालको व्यवस्थित उपयोग गर्ने ।

## ९. लक्ष्य

स्वच्छ, स्वतन्त्र र निश्पक्ष निर्वाचनका लागि सामाजिक सञ्जालको उपयोगलाई सुरक्षित, व्यवस्थित, विश्वसनीय, मर्यादित र पहुँचयोग्य बनाउने ।

## १०. उद्देश्य

**१०.१.** निर्वाचन सम्बन्धी सूचना भरपर्दो, मितव्ययी, गुणस्तरीय र पहुँचयोग्य बनाई सामाजिक सञ्जालको उपयोग र नियमनलाई प्रभावकारी बनाउनु,

**१०.२** आयोगका सूचना, गतिविधि तथा निर्वाचन शिक्षा सामग्री सामाजिक सञ्जाल मार्फत आमनागरिक समक्ष पुऱ्याई सहज पहुँच तथा दोहोरो सञ्चार कायम गर्नु,

**१०.३** निर्वाचनको विश्वसनीयता अभिवृद्धिका लागि सामाजिक सञ्जालको उपयोगमा बहुपक्षीय समन्वय र सहकार्यको विकास गर्नु ।

## ११. नीति

**११.१** निर्वाचनका सबै चरण र प्रक्रियामा सामाजिक सञ्जालको समुचित उपयोग गरिनेछ ।

**११.२** सामाजिक सञ्जालले सिर्जना गरेका अवसर र सम्भावनाको उपयोग गर्दै आयोगका गतिविधि र क्रियाकलापलाई पारदर्शी बनाई दोहोरो उत्तरदायित्व स्थापित गरिनेछ ।

**११.३** सामाजिक सञ्जालको अधिकतम उपयोगद्वारा निर्वाचन तथा मतदाता शिक्षामा सरोकारवालाको पहुँच सहज बनाई दोहोरो सञ्चार स्थापित गरिनेछ ।

**११.४** सामाजिक सञ्जालमा सम्प्रेषित सूचना सामग्रीको प्रभावकारी नियमन गरी सूचनाको स्रोतको आधिकारिकता यकिन गर्न एवम् देखिएका समस्याको तत्काल सम्बोधन गर्न सरोकारवालासँग समन्वय र सहकार्यको व्यवस्था मिलाइनेछ ।

**११.५** सामाजिक सञ्जालको उपयोगबाट निर्वाचन सञ्चालन र व्यवस्थापनमा हुनसक्ने हस्तक्षेप र पर्न सक्ने जोखिम नियन्त्रण गरिनेछ ।

## १२. रणनीति

**१२.१** निर्वाचनका सबै चरण र प्रक्रियामा सामाजिक सञ्जालको समुचित उपयोगका लागि आयोगको संस्थागत सुदृढीकरण र क्षमता अभिवृद्धि गर्ने ।

**१२.२** आयोगका गतिविधि र क्रियाकलापलाई सामाजिक सञ्जालको उपयोगद्वारा पारदर्शी र उत्तरदायी बनाउने ।

**१२.३** निर्वाचन तथा मतदाता सूचना र शिक्षामा सामाजिक सञ्जालको प्रयोग बढाउने ।

**१२.४** लैङ्गिक तथा समावेशी समूह, अपाङ्गता भएका व्यक्ति, युवा एवम् लक्षित वर्गका लागि समावेशी तथा लैङ्गिकमैत्री निर्वाचन तथा मतदाता शिक्षा, सूचना तथा सञ्चार सामग्रीको उत्पादनमा पहुँच बढाउने ।

**१२.५** निर्वाचन सञ्चालन र व्यवस्थापनमा सामाजिक सञ्जालको नियमनलाई प्रभावकारी बनाउन सरोकारवालासँगको समन्वय र सहकार्य अभिवृद्धि गर्ने ।

**१२.६** सामाजिक सञ्जालको उपयोगबाट निर्वाचन सञ्चालन र व्यवस्थापनमा पर्न सक्ने जोखिम न्यूनीकरणका उपाय पहिचान गरी सोको लागि सुधारात्मक कार्य गर्ने ।

## १३. कार्यनीति

निर्वाचन व्यवस्थापनमा सामाजिक सञ्जालको उपयोग सम्बन्धी नीतिका लागि ६ वटा रणनीति अन्तर्गत पहिचान गरिएका ३० वटा कार्यनीतिहरू देहाय बमोजिम रहेका छन् :-

**रणनीति १ निर्वाचनका सबै चरण र प्रक्रियामा सामाजिक सञ्जालको समुचित उपयोगका लागि आयोगको संस्थागत सुदृढीकरण र क्षमता अभिवृद्धि गर्ने ।**

### कार्यनीति

**१३.१** निर्वाचन सम्बन्धी नीतिगत एवम् कानूनी व्यवस्थालाई सामाजिक सञ्जालको उपयोग र नियमन हुने गरी सुधार र परिमार्जन गरिनेछ ।

**१३.२** सामाजिक सञ्जालको उपयोगमा संयन्त्र निर्माण, अभिलेखीकरण र मापदण्ड बनाई आयोग र अन्तर्गत कार्यालयको जिम्मेवारी स्पष्ट गरिनेछ ।

**१३.३** आयोगको मानव संसाधन क्षमता अभिवृद्धि गर्दै सामाजिक सञ्जाल उपयोग गर्ने दक्ष र आवश्यक जनशक्तिको व्यवस्थापन गरिनेछ ।

**१३.४** सामाजिक सञ्जालको उपयोगको लागि आयोगको सूचना प्रविधि प्रणालीलाई सुरक्षित, भरपर्दो, विश्वसनीय र गुणस्तरीय बनाउँदै लगिनेछ ।

**१३.५** आयोगबाट सम्प्रेषित वा प्रकाशित सामग्रीका सम्बन्धमा आमनागरिक तथा सामाजिक सञ्जालका उपयोगकर्ताबाट प्राप्त सुझाव, प्रतिक्रिया र पृष्ठपोषणको नियमित सम्बोधन हुने व्यवस्था मिलाइनेछ ।

**१३.६** आयोगले उपयोग गर्ने वेबसाइट, एप्स तथा सामाजिक सञ्जाललाई नियमित, व्यवस्थित र अद्यावधिक गरिनेछ ।

**१३.७** आयोगको आधिकारिक सामाजिक सञ्जाल उपयोगमा औपचारिक संयन्त्र, अभिलेखीकरण तथा हस्तान्तरण सम्बन्धी मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ ।

**रणनीति २ आयोगका गतिविधि र क्रियाकलापलाई सामाजिक सञ्जालको उपयोगद्वारा पारदर्शी र उत्तरदायी बनाउने ।**

## कार्यनीति

**१३.८** सामाजिक सञ्जाललाई निर्वाचन तथा मतदाता शिक्षा, सूचना र सामग्री सम्प्रेषणको माध्यमका रूपमा स्थापित गरिनेछ ।

**१३.९** निर्वाचनका सबै चरण र प्रक्रियामा निर्वाचन सम्बन्धी सूचना तथा जानकारी सम्प्रेषणका लागि सामाजिक सञ्जालको उपयोग गरिनेछ ।

**१३.१०** निर्वाचन सम्बन्धी कानूनमा आवश्यक परिमार्जन गरी सामाजिक सञ्जाल उपयोगमा सरोकारवालालाई उत्तरदायी बनाइनेछ ।

**रणनीति ३ निर्वाचन तथा मतदाता सूचना र शिक्षामा सामाजिक सञ्जालको उपयोगलाई विस्तार गर्ने ।**

## कार्यनीति

**१३.११** निर्वाचन तथा मतदाता शिक्षा एवम् सूचना सामग्री सामाजिक सञ्जाल मार्फत सम्प्रेषण गर्न मिल्ने गरी उत्पादन गरिनेछ ।

**१३.१२** निर्वाचन तथा मतदाता शिक्षा तथा सूचना सामग्री आवश्यकतानुसार सामाजिक सञ्जालमा सम्प्रेषण तथा अद्यावधिक गर्ने व्यवस्था मिलाइनेछ ।

**१३.१३** आयोगको सामाजिक सञ्जाल पृष्ठलाई आयोगको वेबसाइटसँग आवद्ध (Link) गरिनेछ ।

**१३.१४** सामाजिक सञ्जाल मार्फत निर्वाचन तथा मतदाता शिक्षा तथा सूचना विस्तारको लागि राजनीतिक दलसँग समन्वय र सहकार्य गरिनेछ ।

**१३.१५** सामाजिक सञ्जाल मार्फत निर्वाचन शिक्षालाई निर्वाचनका सरोकारवाला, शैक्षिक संस्था, शिक्षक, विद्यार्थी, युवा लगायतका उपयोगकर्तासम्म विस्तार गर्न उत्प्रेरणात्मक उपाय अवलम्बन गरिनेछ ।

**रणनीति ४ लैङ्गिक तथा समावेशी समूह, अपाङ्गता भएका व्यक्ति, युवा एवम् लक्षित वर्गका लागि समावेशी तथा लैङ्गिकमैत्री निर्वाचन तथा मतदाता शिक्षा, सूचना तथा सञ्चार सामग्रीको उत्पादनमा पहुँच बढाउने ।**

## कार्यनीति

**१३.१६** भौगोलिक, सामाजिक, साँस्कृतिक, भाषिक र लैङ्गिकमैत्री निर्वाचन शिक्षा तथा सूचना सामग्री उत्पादन र सम्प्रेषण गरिनेछ ।

**१३.१७** निर्वाचन तथा मतदाता शिक्षा तथा सूचना सामग्रीमा अपाङ्गता भएका व्यक्तिको पहुँचका लागि अपाङ्गतामैत्री नविनतम प्रविधिको उपयोगमा बृद्धि गर्दै लगिनेछ ।

**१३.१८** लैङ्गिक तथा समावेशी समूह, अपाङ्गता भएका व्यक्ति, युवा एवम् लक्षित वर्ग सम्वद्ध संघ संस्थालाई निर्वाचन तथा मतदाता शिक्षा, सूचना तथा सञ्चार सामग्री उत्पादन तथा वितरणमा उत्प्रेरित र जिम्मेवार बनाउँदै लगिनेछ ।

**रणनीति ५ निर्वाचन सञ्चालन र व्यवस्थापनमा सामाजिक सञ्जालको नियमनलाई प्रभावकारी बनाउन सरोकारवालासँगको समन्वय र सहकार्य अभिवृद्धि गर्ने ।**

## कार्यनीति

**१३.१९** आयोगले सामाजिक सञ्जाल उपयोग र नियमन गर्दा निर्वाचनका सरोकारवालासँग आवश्यक समन्वय र सहकार्य गर्नेछ ।

**१३.२०** आयोगको सामाजिक सञ्जाल प्रभावकारी बनाउन विकास साझेदार संस्थाको प्राविधिक सहयोगका लागि समेत समन्वय गरिनेछ ।

**१३.२१** सामाजिक सञ्जाल उपयोग गर्दा विश्वविद्यालय, प्राज्ञिक निकाय, अनुसन्धानमूलक संस्था, निजी क्षेत्रका संस्था, तथ्य जाँच गर्ने संस्था (fact checking organization), सामाजिक सञ्जाल सञ्चालन गर्ने संस्था, सामाजिक सञ्जाल मञ्च आदिसँग विशेषज्ञ सेवा आदान प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

**१३.२२** सामाजिक सञ्जाललाई उपयोगकर्तामैत्री बनाउन सामग्री उत्पादन र सम्प्रेषणसँग सम्बन्धित विभिन्न क्षेत्रका असल अभ्यास र नविनतम अवधारणा र प्रविधिको अवलम्बन गरिनेछ ।

**१३.२३** सरोकारवालाबाट सूचना तथा पृष्ठपोषण प्राप्त गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**१३.२४** सामाजिक सञ्जाल सेवा प्रदायकसँग समन्वय र आबद्धता विस्तार गरी नियमनलाई प्रभावकारी बनाइनेछ ।

**रणनीति ६. सामाजिक सञ्जालको उपयोगबाट निर्वाचन सञ्चालन र व्यवस्थापनमा पर्न सक्ने जोखिम न्यूनीकरणका उपाय पहिचान गरी सोको लागि सुधारात्मक कार्य गर्ने ।**

## कार्यनीति

**१३.२५** सामाजिक सञ्जालको उपयोगबाट निर्वाचनमा हुन सक्ने फाइदा र वेफाइदाको विश्लेषण एवम् सम्भावित हिंसा तथा जोखिम न्यूनीकरणका उपाय पहिचान एवम् व्यवस्थापनका लागि खोज, अध्ययन तथा अनुसन्धान गरिनेछ ।

**१३.२६** निर्वाचन अवधिमा सामाजिक सञ्जालबाट हुन सक्ने बाह्य हस्तक्षेप सम्बन्धी सूचना तथा जानकारी नियमनका लागि उपयुक्त संयन्त्र मार्फत कार्य गर्ने व्यवस्था मिलाइनेछ ।

**१३.२७** सामाजिक सञ्जालमा सम्प्रेषित सूचना सामग्रीको नियमनका लागि सुरक्षा निकाय तथा विद्युतीय अपराध नियन्त्रण निकाय, सरकारी निकाय, तथ्य जाँच गर्ने संस्था, अनुसन्धानकर्ता, नीजि क्षेत्र, निर्वाचन पर्यवेक्षण गर्ने संस्था, सामाजिक सञ्जालका संस्थासँग सहकार्य अभिवृद्धि गरिनेछ ।

**१३.२८** सामाजिक सञ्जाल मार्फत हुने सम्भावित जोखिम तथा भ्रामक सूचना नियमन र व्यवस्थापनका लागि नेपाल दूरसञ्चार प्राधिकरण, प्रेस काउन्सिल तथा इण्टरनेट सेवा प्रदायकसँग सहकार्य अभिवृद्धि गरिनेछ ।

**१३.२९** उपयुक्त सूचना प्रविधिको प्रयोग गरी मिथ्या सूचना, दुष्प्रचार, सूचना तोडमोड र द्वेशपूर्ण अभिव्यक्तिको नियन्त्रण गर्न प्रयास गरिनेछ ।

**१३.३०** निर्वाचनका सबै चरण र प्रक्रियामा सामाजिक सञ्जाल मार्फत हुन सक्ने सम्भावित जोखिम न्यूनीकरण गरी प्रभावकारी अनुगमन गर्नका लागि आयोगमा एक संयन्त्रको व्यवस्था गरिनेछ ।

## १४. अपेक्षित उपलब्धि

निर्वाचनका सरोकारवालासँग आयोगको पहुँच बढाउन, निर्वाचनको गुणस्तरमा सुधार ल्याउन, सञ्चार तथा सम्प्रेषण खर्च घटाउन, निर्वाचन तथा मतदाता शिक्षामा सरोकारवालासँग सहकार्य गर्दै आयोगको समग्र कार्य सम्पादनलाई प्रभावकारी बनाउन सामाजिक सञ्जालको उपयोग उपलब्धिमूलक हुन सक्छ । सामाजिक सञ्जालको उपयोगबाट निम्नानुसारको उपलब्धि हासिल हुन सक्ने देखिन्छ :-

**१४.१** आयोगका गतिविधि एवम् सूचनामूलक सन्देशमा आमनागरिक तथा सरोकारवालाको पहुँच अभिवृद्धि भएको हुनेछ ।

**१४.२** आयोगको गतिविधिमा भौगोलिक, सामाजिक, विषयगत, भाषिक, लैङ्गिक, समावेशी समुदायको पहुँच बढेको हुनेछ ।

**१४.३** निर्वाचन तथा मतदाता शिक्षा सामग्री तथा सूचनामा अपाङ्गता भएका व्यक्तिको पहुँच स्थापित भएको हुनेछ ।

**१४.४** निर्वाचनका सरोकारवालासँग दोहोरो सञ्चार कायम भएको हुनेछ ।

**१४.५** मतदातालाई निर्वाचन तथा मतदाता शिक्षा सहजताका साथ प्रदान भएको हुनेछ ।

**१४.६** निर्वाचनका सूचना र विषयवस्तु छिटो, छरितो र सरल रूपमा सम्प्रेषण र प्रवाह भएको हुनेछ ।

**१४.७** निर्वाचनका प्रक्रियामा पारदर्शीता अभिवृद्धि भएको हुनेछ ।

**१४.८** निर्वाचन प्रचार प्रसारमा मितव्ययिता कायम भएको हुनेछ ।

**१४.९** निर्वाचन तथा मतदाता शिक्षा, सूचना तथा सामग्री मतदातालाई सर्वसुलभ रूपमा उपलब्ध भएको हुनेछ ।

**१४.१०** सामाजिक सञ्जाल नियमनका लागि संस्थागत संरचना तयार भएको हुनेछ ।

**१४.११** सामाजिक सञ्जाल मार्फत हुन सक्ने जोखिम तथा साइबर क्राइम न्यूनीकरणमा सहयोग पुगेको हुनेछ ।

**१४.१२** सामाजिक सञ्जाल नियमनका लागि विभिन्न सरोकारवालासँग समन्वय, सहकार्य र आबद्धता अभिवृद्धि भएको हुनेछ ।

**१४.१३** निर्वाचनको विश्वसनीयतामा अभिवृद्धि भएको हुनेछ ।

**१४.१४** सरोकारवालाबाट प्राप्त सल्लाह, सुझाव र प्रतिक्रिया सम्बोधन भई निर्वाचन व्यवस्थापन मतदातामैत्री भएको हुनेछ ।

## १५. संस्थागत व्यवस्था

### १५.१. निर्देशक समिति

**१५.१.१** निर्वाचन व्यवस्थापनमा सामाजिक सञ्जालको उपयोग सम्बन्धी नीतिमा उल्लेख भएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनका लागि देहाय बमोजिमको निर्देशक समिति गठन गरिनेछ :-

| | |
|---|---|
| (क) निर्वाचन आयुक्त (सम्बन्धित विषय हेर्ने) | - संयोजक |
| (ख) सचिव, निर्वाचन आयोग | - सदस्य |
| (ग) अध्यक्ष, नेपाल दूरसञ्चार प्राधिकरण | - सदस्य |
| (घ) अध्यक्ष, प्रेस काउन्सिल नेपाल | - सदस्य |
| (ङ) सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य |

(च) सहसचिव, गृह मन्त्रालय - सदस्य
(छ) सहसचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय - सदस्य
(ज) प्रहरी नायब महानिरीक्षक, नेपाल प्रहरी - सदस्य
(झ) अध्यक्ष, नेपाल पत्रकार महासंघ - सदस्य
(ञ) अध्यक्ष वा प्रतिनिधि, नेपाल उद्योग बाणिज्य संघ - सदस्य
(ट) सम्बन्धित महाशाखा प्रमुख, निर्वाचन आयोग - सदस्य सचिव

**१५.१.२** निर्देशक समितिको बैठकमा आवश्यकता अनुसार तथ्य जाँच गर्ने संस्थाका प्रतिनिधि, पत्रकारिता विषयका प्राध्यापक, अनुसन्धानकर्ता एवम् सामाजिक सञ्जाल सम्बन्धी विज्ञलाई आमन्त्रण गर्न सकिने छ।

## १५. २. निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा सामाजिक सञ्जालको उपयोग सम्बन्धी विषयमा नीतिगत निर्णय गर्न आयोगलाई सहयोग गर्ने,

(ख) निर्वाचन सम्बद्ध मौजुदा एवम् नयाँ निर्माण हुने कानूनमा सामाजिक सञ्जालको उपयोग सम्बन्धी विषयहरू समावेश गर्न सहजीकरण र समन्वय गर्ने,

(ग) निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा सामाजिक सञ्जालको उपयोग सम्बन्धी विषयमा विज्ञ वा विज्ञ समूह मार्फत अध्ययन तथा अनुगमन गराई प्राप्त सुझाव समेतका आधारमा आयोगमा सिफारिस गर्ने,

(घ) यस नीतिको कार्यान्वयन अवस्थाको समय समयमा समीक्षा गरी गराई कार्यान्वयनका लागि आयोगको सचिवालय र कार्यान्वयन समितिलाई आवश्यक निर्देशन दिने,

(ङ) निर्वाचन अवधिमा सामाजिक सञ्जाल मार्फत प्रवाह हुने सूचनाको अनुगमन तथा मूल्याङ्कन गर्न एवम् त्यस्ता माध्यमबाट हुन सक्ने मिथ्या सूचना, दुष्प्रचार, सूचना तोडमोड र द्वेषपूर्ण अभिव्यक्तिको नियन्त्रणका लागि कार्यविवरण सहित विज्ञहरुको टोली गठन गर्न आयोग समक्ष सिफारिस गर्ने,

(च) सामाजिक सञ्जाल मार्फत हुन सक्ने सम्भावित जोखिमको नियमन गर्न व्यवस्था मिलाउने,

(छ) सामाजिक सञ्जालको उपयोगबाट निर्वाचनमा हुन सक्ने फाइदा, वेफाइदाको विश्लेषण, हिंसा तथा जोखिम न्यूनीकरणका उपाय पहिचान एवम् व्यवस्थापनका लागि खोज, अध्ययन तथा अनुसन्धान गर्ने गराउने,

(ज) अन्य कार्य गर्ने ।

## १५.३. कार्यान्वयन समिति

निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा सामाजिक सञ्जालको उपयोग सम्बन्धी नीतिको प्रभावकारी कार्यान्वयन गर्न गराउन आयोगमा देहाय बमोजिमको कार्यान्वयन समिति गठन गरिनेछ :-

(क) सम्बन्धित महाशाखा प्रमुख, निर्वाचन आयोग - संयोजक
(ख) उपसचिव, ऐन नियम तथा फैसला कार्यान्वयन शाखा, निर्वाचन आयोग - सदस्य
(ग) उपसचिव, राजनीतिक दल व्यवस्थापन शाखा, निर्वाचन आयोग - सदस्य
(घ) उपसचिव, योजना, अनुगमन तथा वैदेशिक सम्बन्ध शाखा, निर्वाचन आयोग - सदस्य
(ङ) उपसचिव (प्रा.), सूचना प्रणाली शाखा, निर्वाचन आयोग - सदस्य
(च) उपसचिव, मतदाता नामावली तथा निर्वाचन सञ्चालन शाखा, निर्वाचन आयोग - सदस्य
(छ) उपसचिव, निर्वाचन शिक्षा तथा तालीम शाखा, निर्वाचन आयोग - सदस्य सचिव

### १५. ४. कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) निर्वाचन व्यवस्थापनमा सामाजिक सञ्जालको उपयोग सम्बन्धी नीति अनुरूप कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने, गराउने,

(ख) सामाजिक सञ्जालको उपयोगका क्षेत्र र विषय पहिचान गर्ने,

(ग) निर्वाचन सम्वद्ध मौजुदा एवम् नयाँ निर्माण हुने कानूनमा समावेश गर्नुपर्ने सामाजिक सञ्जालको उपयोग सम्बन्धी विषय पहिचान गरी निर्देशक समितिमा पेश गर्ने,

(घ) सामाजिक सञ्जालको उपयोग सम्बन्धी गुनासाहरूको सुनुवाई गर्ने,

(ङ) नीति कार्यान्वयनको निम्ति सञ्चालित कार्यक्रम तथा क्रियाकलापको अनुगमन, मूल्याङ्कन र समीक्षा गर्ने, गराउने,

(च) आयोगको सूचना व्यवस्थापन प्रणालीलाई सामाजिक सञ्जालमैत्री बनाउन आवश्यक कार्य गर्ने,

(छ) सामाजिक सञ्जालको उपयोगबाट हुन सक्ने घृणास्पद अभिव्यक्ति सम्बन्धी क्रियाकलापको नियमन, व्यवस्थापन, नियन्त्रण र कारबाहीको लागि उपयुक्त रणनीति तयार गरी कार्यान्वयन गर्ने, गराउने,

(ज) नीति कार्यान्वयनमा संलग्न हुने जनशक्तिलाई प्रशिक्षणको व्यवस्था मिलाउने,

(झ) सामाजिक सञ्जालको उपयोग गर्दा अन्तर निकाय समन्वय गर्ने,

(ञ) सामाजिक सञ्जाल मार्फत हुन सक्ने मिथ्या सूचना, दुस्प्रचार, सूचना तोडमोड, द्वेषपूर्ण अभिव्यक्ति सम्बन्धी क्रियाकलापको प्रभावकारी नियमन गर्ने, गराउने,

(ट) सामाजिक सञ्जालको उपयोगबाट निर्वाचनमा हुन सक्ने जोखिम न्यूनीकरण गर्ने उपायको पहिचान गर्ने, गराउने,

(ठ) कार्यान्वयन समितिबाट सम्पन्न भएका कार्यको प्रतिवेदन निर्देशक समितिसमक्ष पेश गर्ने,

(ड) निर्देशक समितिले तोकेका अन्य कार्य गर्ने ।

## १६. प्रमुख कार्यक्रम

निर्वाचन व्यवस्थापनमा सामाजिक सञ्जालको उपयोग सम्बन्धी नीति कार्यान्वयन गर्न देहाय बमोजिमका कार्यक्रमहरू सञ्चालन गरिनेछ :-

### १६.१. नीतिगत सुधार कार्यक्रम

आयोगको सामाजिक सञ्जाल सम्बन्धी नीतिगत व्यवस्थालाई सामाजिक सञ्जालको उपयोगमा बृद्धि हुने गरी कार्यान्वयन गर्ने, सामाजिक सञ्जालको उपयोगमा रहेका कानूनी व्यवस्थाको पहिचान गरी आवश्यकता अनुसार सुधार र परिमार्जन गरिनेछ । आयोगबाट तर्जुमा हुने नीति तथा कानूनमा यस नीतिले निर्दिष्ट गरेका विषयहरूलाई समावेश गर्दै लगिनेछ ।

### १६.२. संस्थागत सुधार तथा क्षमता अभिवृद्धि कार्यक्रम

सामाजिक सञ्जालको उपयोग, सञ्चालन र नियमनका लागि आयोगको आन्तरिक संस्थागत व्यवस्था, जनशक्ति व्यवस्था तथा बाह्य निकायसँग समन्वय र सहकार्य गरिनेछ ।

### १६.३. निर्वाचन शिक्षा, सूचना तथा सामग्री उत्पादन तथा सम्प्रेषण कार्यक्रम

आयोगले उत्पादन गर्ने निर्वाचन शिक्षा, सूचना तथा सामग्री सामाजिक सञ्जालमा सम्प्रेषण गरिनेछ ।

### १६.४ लक्षित कार्यक्रम

भौगोलिक, सामाजिक, विषयगत, भाषिक, लैङ्गिक तथा समोशी र अपाङ्गतामैत्री सामग्री उत्पादन र सम्प्रेषण जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

### १६.५ सामाजिक सञ्जाल व्यवस्थापन र नियमन

सामाजिक सञ्जाल मार्फत हुन सक्ने सम्भावित जोखिम न्यूनीकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

### १६.६ अध्ययन अनुसन्धान

सामाजिक सञ्जालको उपयोगबाट निर्वाचनमा हुन सक्ने जोखिम न्यूनीकरणका उपाय पहिचान एवम् व्यवस्थापनका लागि अध्ययन तथा अनुसन्धान कार्यक्रम सञ्चालन गरिनेछ ।

## १७. वित्तीय व्यवस्था

यो नीति कार्यान्वयनका लागि कार्ययोजना बनाई आवश्यक हुने श्रोत साधन नेपाल सरकारको श्रोतबाट परिचालन गरिनेछ । प्रविधि र प्राविधिक उपकरण तथा सो सम्बन्धी क्षमता विकासका क्षेत्रमा आवश्यकतानुसार नेपाल सरकारको वैदेशिक सहायता नीतिको परिधिभित्र रही विकास साझेदार संस्थाको श्रोत समेत परिचालन गर्न सकिनेछ । वित्तीय प्रबन्धका लागि आवश्यकतानुसार प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र, नागरिक समाज तथा निर्वाचनका सरोकारवालासँग समन्वय र सहकार्य गर्न सकिनेछ ।

## १८. कार्यान्वयन कार्ययोजना

आयोगले सम्बद्ध पक्षहरू समेतको समन्वय र सहकार्यमा कार्ययोजना तर्जुमा गर्नेछ । यस नीतिले निर्दिष्ट गरेका कार्यक्रम सञ्चालनका लागि आयोगको वार्षिक कार्यक्रमसँग आबद्ध गरिनेछ ।

## १९. जोखिम

सामाजिक सञ्जाल मार्फत हुन सक्ने सम्भावित हिंसा, मिथ्या सूचना, दुस्प्रचार, सूचना तोडमोड, द्वेषपूर्ण अभिव्यक्तिको नियमन रणनीति अनुकूल हुने गरी दक्ष जनशक्तिको उपलब्धता, कार्य निरन्तरता, कानूनी सुधार, नेपाल सरकारबाट आवश्यक साधन स्रोतको उपलब्धता, वेबसाइटको सुरक्षा, विकास साझेदार संस्थाहरूको सहयोगको निरन्तरता जस्ता पक्ष जोखिमको रुपमा पहिचान गरिएका छन् ।

## २०. अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था

**२०.१.** आयोगको सचिवालय र अन्तर्गतका कार्यालयबाट कार्ययोजना बमोजिम भए गरेका काम कारबाहीको आयोगले निरन्तर अनुगमन र मूल्याङ्कन गर्नेछ । यस्तो अनुगमन र मूल्याङ्कनको कार्य आयोगको नियमित संयन्त्र मार्फत हुनेछ ।

**२०.२.** आवश्यकतानुसार विज्ञ वा विज्ञ समूह मार्फत नीति कार्यान्वयनको मूल्याङ्कन गराई पृष्ठपोषण प्राप्त गरिनेछ ।

## २१. नीति पुनरावलोकन र परिमार्जन

निर्वाचन व्यवस्थापनमा सामाजिक सञ्जालको उपयोग सम्बन्धी नीति गतिशील दस्तावेजको रूपमा रहनेछ । आयोगले उपलब्ध सुझाव, प्रक्रिया र पृष्ठपोषण समेतका आधारमा नीतिको पुनरावलोकन गरी आवश्यकता अनुसार परिमार्जन गर्न सक्नेछ । आयोगले यस नीतिको कार्यान्वयनमा आवश्यकता अनुसार व्याख्या, थपघट, संशोधन वा हेरफेर गर्ने वा बाधा अड्चन फुकाउन सक्नेछ ।

**निर्वाचन आयोग, नेपाल**
कान्तिपथ, काठमाण्डौ, नेपाल
फोन: ९७७ (१) ४२२८६६३ र ४२२५५८०
ईमेल: info@election.gov.np
www.facebook.com/ecnofficial